# भेरीगंगा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रातचौर, सुर्खेत

६ नं प्रदेश, नेपाल

# आवश्यकता

प्रथम पटक प्रकाशित मिति : २०७४/०९/१७

नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तरगत यस कार्यालयमा एक जना सूचना प्रविधि अधिकृत(IT Officer) को आवश्यकता रहेकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा दरखास्त आह्वान गरिन्छ ।

**क) पदको विवरण**

| क्र.स. | विज्ञापन नं. | पद | आवश्यक संख्या | सेवाको प्रकृति |
|---|---|---|---|---|
| १ | ०१/०७४-०७५ | सुचना प्रविधि अधिकृत(IT Officer) | १ | करार |

**ख) आवश्यक न्यूनतम शैक्षिक योग्येता:**लोकसेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक(BIT, BIM, BBIS, BCA, BCIS, BSc.IT, BSc,CSIT) उपाधि प्राप्त गरेको (नेपाल बाहिरको प्रमाणपत्र भए नेपालको विश्वविद्यालयबाट समकक्षता निर्धारण गरिएको प्रमाणपत्र), कार्य अनुभव भए अनुभवको प्रमाणपत्र ।

**ग) आवश्यक कागजात**: (१) व्यक्तिगत विवरण (२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (३) न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी (४) दरखास्त दस्तुर बुझाएको नगदी रसिद । उल्लेखित प्रमाणपत्रका प्रतिलिपीहरु स्वयम् प्रमाणित गरी दरखास्त साथ पेश गर्नु पर्नेछ ।

**घ) उमेरको हद**: दरखास्त बुझाउने अन्तिम मितिसम्म २१ बर्ष पूरा भई ३५ वर्ष ननाघेको तथा महिला र अपाङ्ग उम्मेदवारको हकमा २१ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।

ङ) करार अवधि : २०७५ असार मसान्तसम्म ।

**च) कार्यशर्त विवरण (TOR)**: स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको वेवसाइट (lgcdp.gov.np) को गृहपृष्ठमा उल्लेख भएको सुचना बमोजिम हुने ।

**छ) छनौट प्रक्रिया :**छोटो सूची विधि तथा आवश्यकता अनुसार लिखित, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता हुनेछ ।

ज) दरखास्त दस्तुत बापत रु. १०००/- (एक हजार) मात्र यस कार्यालयमा नगद बुझाई सो को रसिद संलग्न गर्नु पर्नेछ ।

झ) सेवा र सुविधा : तलब रु. ४००००/- (अक्षेरुपी चालिस हजार) मात्र

ञ) दरखास्त फारम र पाठ्यक्रम यस कार्यालयको वेवसाइट www.bherigangamun.gov.np तथा यस कार्यालयबाट प्राप्त गर्न सकिने छ । रीतपूर्वक दरखास्त फारम भरी यस कार्यालयमा बुझाउनु पर्ने छ । रीत नपुर्याइ आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**द्रष्टव्य:**विस्तृत जानकारीको लागि भेरीगंगा नगरपालिकाको वेवसाइट www.bherigangamun.gov.np मा हेर्नु हुन तथा यस कार्यालयको फोन नं. ५४०१५४,५४०३११/९८५८०६४१११ मा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

२०७४/९/१७